# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/३१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

--------------------------------------------------------------------------

दुग्ध विकास संस्थानबाट सार्वजनिक खरिद ऐन विपरित कोटेशनमा कम मूल्य प्रस्ताव गर्ने कम्पनीसँग पाउडर दुध खरिद नगरी बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग खरिद गरेर भ्रष्टाचार भएकोले आवश्यक छानवीन गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुंदा दुग्ध विकास संस्थानका तत्कालिन महाप्रबन्धक सियाराम प्रसाद सिंह चनौ र काठमाण्डौ दुग्ध वितरण आयोजनाका तत्कालीन आयोजना प्रमुख राजगोविन्द राजकर्णीकारको आपसी मिलेमतोमा प्रतिस्पर्धा विना नै एकै दिनमा फरक दुई आपूर्तिकर्ताबाट फरक फरक दरमा तथा एक दिनको फरकमा एकै आपूर्तिकर्ताबाट पनि फरक फरक दरमा स्किम मिल्क पाउडर आपूर्ति गरी आ-आफ्नो ओहदाको कर्तव्य पालना गर्दा दुग्ध विकास संस्थानको सम्पत्ति हानी नोक्सानी पुर्याउने बदनियतले काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको पुष्टि हुन आएकोले निजहरुलाई जनही बिगो रु. २,१४,४७४/-( दुई लाख चौध हजार चार सय चौहत्तर) कायम गरि, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम हानि नोक्सानी गरेको बिगो रकम असुल उपर र सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३(१)(घ) वमोजिम जरिवाना र दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै निज प्रतिवादी सियाराम प्रसाद सिंह चनौ दुग्ध विकास संस्थानका तत्कालिन महाप्रबन्धक समेत भएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेतको मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता